मध्यनेपाल नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल


प. स : ०७८/०७९
च. नं : १९६६

फोन नं: ०६६-४१००५२

मितिः २०७९।०२।२६

श्री स्वास्थ्य चौकी, (सबै),
शहरी स्वास्थ्य केन्द्र, (सबै),
सामुदायिक स्वास्थ्य ईकाई,
मध्यनेपाल नगरपालिका, लमजुङ

**विषयः जन्मदर्ता अनिवार्य गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा मिति २०४७।०१।०१ गते पश्चात घटेका **ब्यक्तिगत घटना (जन्म विवाह वसाइसराइ सम्बन्ध विच्छेद र मृत्यु)** घटेको ३५ दिन भित्र गर्नुपर्ने कानुनी व्यवस्था रहेको जानकारी गराउँदै यस नगरपालिकामा **"कोही नछुटुन कोही नदोहोरिहुन"** भन्ने नाराकासाथ **ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम दर्ता शिविर** समेत सञ्चालन गरी सबैखाले ब्यक्तिगत घटना अनालाइन इन्ट्री सम्पन्न गरिएको छ।

मध्यनेपाल नगरपालिका भित्र स्थायी वसोवास गरेका सबै बालबालिकाहरुको जन्मदर्ता अनिवार्य गरिएको छ। सो कार्यक्रमलाई सफल बनाउन सरकारी निजी सम्पूर्ण संघ संस्थाको सहयोग आवश्यक हुने भएकाले स्वास्थ्य संस्थामा विभिन्न खोप लगाउने समयमा जन्मदर्ता प्रमाण पत्र भएकाहरुलाई मात्रै खोप लगाउन (३० दिन उमेर पुरा गरेका बच्चाको हकमा अनिवार्य जन्मदर्ता प्रमाणपत्र) साथै बालबालिकाको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको नाम खोप कार्डमा उल्लेख गरीदिनु हुन (जन्मदर्ता नभएकाको हकमा खोप कार्डमा नाम उल्लेख नगर्ने) अनुरोध छ।

**बोधार्थः वडा कार्यालयहरु (सबै)**

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मध्यनेपाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

च. स : ०७८/०७९
च. न : ११६६

फोन नं: ०६६-४१००५२

मितिः २०७९।०२।२६

श्री मा.वि. आ.वि. प्रा.वि. (सरकारी, निजी सबै),

मध्यनेपाल नगरपालिका, लमजुङ

**विषयः विद्यालय भर्नामा जन्मदर्ता अनिवार्य गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा मिति २०४७।०१।०१ गते पश्चात घटेका **ब्यक्तिगत घटना (जन्म विवाह वसाइसराइ सम्बन्ध विच्छेद र मृत्यु)** घटेको ३५ दिन भित्र गर्नुपर्ने कानुनी व्यवस्था रहेको जानकारी गराउँदै यस नगरपालिकामा **"कोही नछुटुन कोही नदोहोरिहुन"** भन्ने नाराकासाथ **ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम दर्ता शिविर** समेत सञ्चालन गरी सबैखाले ब्यक्तिगत घटना अनालाइन इन्ट्री सम्पन्न गरिएको छ।

मध्यनेपाल नगरपालिका भित्र सञ्चालन भएका विद्यालयका बालविकास (Nursary) देखि माथिका विद्यालयमा भर्ना हुने एवम् अध्ययनरत सबै बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र अनिवार्य गरिएको ब्यहोरा जानकारी गराउँदै जन्मदर्ता प्रमाणपत्र नलिइ विद्यालयमा भर्ना नगर्न नगराउनु हुन निर्देशानुसार अनुरोध छ।

**बोधार्थः वडा कार्यालयहरु (सबै)**

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत